# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७३।०२।२५ गते

## विज्ञप्ति

**विषय: शिष्टाचार भेट सम्बन्धमा ।**

-----------------------------------------------------

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त लोकमान सिंह कार्कीसँग आज नेपालका लागि फ्रान्सका महामहिम राजदुत Yves Carmona ले शिष्टाचार भेट गर्नुभयो । फ्रान्स लगायतका युरोपियन मुलुकहरुको भ्रमणको पूर्वसन्ध्यामा भएको यस भेटघाटमा माननीय प्रमुख आयुक्तबाट आसन्न भ्रमणले नेपाल र फ्रान्स लगायत सम्बन्धित युरोपियन मुलुकका भ्रष्टाचार बिरुद्ध क्रियासिल निकायहरुबीच भ्रष्टाचार नियन्त्रणको सम्बन्धमा आवश्यक सहयोग आदान-प्रदान गर्न वातावरण निर्माण गर्ने धारणा व्यक्त गर्नुभयो ।

केही समययता फ्रान्समा आतङ्कवादी हमलाहरु भएको प्रति दु:ख व्यक्त गर्दै प्रमुख आयुक्त कार्कीले उक्त कायरतापूर्ण आक्रमणको भर्त्सना गर्नु भयो । यसैगरी फ्रान्सले नेपालको विकासमा पुर्याउंदै आएको योगदान र सहयोगको प्रशंसा गर्नुभयो ।

भेटका क्रममा महामहिम राजदुत Yves Carmona ले प्रमुख आयुक्त कार्कीलाई फ्रान्स भ्रमणको औपचारिक निमन्त्रणा दिनु भयो । साथै भ्रष्टाचार नियन्त्रणमार्फत सुशासन प्रवर्धनमा आयोगले पुर्याएको योगदानको प्रशंसा गर्नुहुँदै माननीय प्रमुख आयुक्तको नेतृत्वमा आयोगले सम्पादन गरेका कार्यहरुबाट आयोग आम नागरिकको विश्वास र भरोसाको केन्द्रको रुपमा स्थापित हुन सम्भव भएको विचार व्यक्त गर्नुभयो । त्यसैगरी भ्रष्टाचार नियन्त्रणका लागि द्विपक्षीय सहकार्य र साझेदारी प्रवर्धन गर्ने दिशामा थप प्रयत्नरत रहने धारणा समेत महामहिम राजदुतले राख्नु भएको थियो ।

(कृष्णहरि पुष्कर)

सहसचिव एवं प्रवक्ता